# भिक्टोरियाको जातिवादविरुद्ध रणनीति २०२४ - २०२९

## संक्षिप्त जानकारी

**भिक्टोरियाको पहिलो सरकारव्यापी जातिवादविरुद्ध रणनीति भिक्टोरियामा जातिवाद र भेदभाव रोक्नको लागि ५-वर्षे योजना हो ।**

**मिलेर काम गरेर हामी एक झन् निष्पक्ष, सुरक्षित भिक्टोरिया निर्माण गर्न सक्छौं जहाँ सबैलाई समावेश गरिएको महसुस हुन्छ ।**

## जातिवाद के हो?

जातिवाद भनेको भेदभावको एक रूप हो जहाँ मानिसहरूलाई उनीहरूको जाति वा जातीयताको कारण अन्यायपूर्ण व्यवहार गरिन्छ । यसमा मौखिक दुर्व्यवहार, बहिष्कार वा अरूलाई जस्तै समान पहुँच वा अवसर नदिनु समावेश हुन सक्छ ।

जातिवाद धेरै तरिकामा प्रस्तुत हुन सक्छ । यो रणनीति जातिवादलाई सम्बोधन गर्न निम्नमा केन्द्रित छ:

- समुदाय
- संगठन र संस्थाहरू
- कानून, नीति र प्रणालीहरू ।

## हाम्रो दर्शन

जातिवाद र भेदभावबाट मुक्त भिक्टोरिया, जहाँ सबै भिक्टोरियावासीहरूले समान अधिकार, स्वतन्त्रता र सुरक्षाको आनन्द लिन्छन्, र सुरक्षित, स्वस्थ र सहयोगी समुदायहरूमा फस्टाउँछन् ।

**यस रणनीतिमा भिक्टोरियामा जातिवाद र भेदभाव कम गर्ने ४ लक्ष्यहरू छन्:**

**लक्ष्य १:**
**जातिवादी मनोवृत्ति, व्यवहार र आस्थाहरूलाई पहिचान गरिन्छ, चुनौती दिइन्छ र अस्वीकार गरिन्छ**

**लक्ष्य २:**
**सरकारी सेवा र कार्यस्थलहरू सुरक्षित, पहुँचयोग्य र भेदभावरहित छन्**

**लक्ष्य ३:**
**जातिवाद र भेदभाव अब सबै क्षेत्रहरूमा सहभागिता, प्रगति, सुरक्षा र सफलताका बाधाहरू हैनन्**

**लक्ष्य ४:**
**जातिवादको अधीनमा रहेका व्यक्तिहरूले उपयुक्त र सांस्कृतिक रूपमा सुरक्षित सेवाहरू र सहायताहरू प्राप्त गर्छन्**

## दर्शन अनुसारको कार्यान्वयन

जातिवाद विरोधी रणनीतिले निम्न कार्यहरू गर्नेछ:

- **सामुदायिक खेलकुद** मा जातिवादलाई सम्बोधन गर्न राज्यव्यापी अभियान सञ्चालन गर्ने
- स्थानीयस्तरमा जातिवादलाई चुनौती दिन **समुदायको नेतृत्व** मा हुने कार्यलाई सहयोग गर्ने
- घृणास्पद भाषण र व्यवहारविरुद्धको **सुरक्षा र कानून** लाई सुदृढ गर्ने
- उजुरीहरूको पर्यवेक्षण गर्ने संस्थाहरूले **जातिवादको रिपोर्टहरूको जवाफ दिने** तरिका सुधार गर्ने
- प्रहरी गतिविधिमा जातिवाद र भेदभाव कम गर्ने
- **रोजगारदाताहरू र संगठनहरू** ले जातिवादलाई कसरी रोक्छन् र प्रतिक्रिया दिन्छन् भन्ने कुरामा सुधार गर्ने
- जातिवादको अनुभव गरेका मानिसहरूका लागि **स्थानीय जातिवादविरोधी समर्थन सञ्जालहरूलाई** सुदृढ पार्ने ।

हामी जातिवाद कम गर्नमा रणनीतिको प्रभाव नाप्नेछौं र समुदायलाई हाम्रो प्रगति रिपोर्ट गर्नेछौं ।

VICTORIA
State Government

# हामीलाई यो रणनीति किन चाहिन्छ?

भिक्टोरियाबासीहरू

**३०० भन्दा बढी विभिन्न पुर्खाहरूबाट आएका छन्**

२९० भाषाहरू **र बोलीहरू बोल्छन्**

लगभग **२०० विभिन्न धर्महरू मान्छन्**


२०२२ मा, **५ मध्ये ३ जना आदुविासी (६० %)** ले अष्ट्रेलियामा जातिवादको अनुभव गरेको रिपोर्ट गरे

२०२३ मा, **५ मध्ये १ व्यक्ति (१८%)** ले अष्ट्रेलियामा जातिवादको अनुभव गरेको रिपोर्ट गरे

**५ मध्ये ३ अष्ट्रेलियालीहरू (६३ %)** ले एसिया, अफ्रिका वा मध्येपूर्व वा गैर-ईसाई धर्मबाट आएका एक वा बढी आप्रवासी समूहहरूमाथि नकारात्मक विचार राख्छन्

**५ मध्ये ३ अष्ट्रेलियालीहरू (६२ %)** ले जातिवादलाई 'धेरै ठूलो' वा 'निक्कै ठूलो' समस्याको रूपमा हेर्छन्

**सेवाहरुमा जानकारी र सामुदायिक विश्वासको कमीको अर्थ जातिवादलाई कम रिपोर्ट गरिएको हुन सक्छ ।**



**३०% भिक्टोरियनहरू विदेशमा जन्मिएका थिए**



**अष्ट्रेलियाका ८% पहिलो मानिसहरू भिक्टोरियामा बस्छन्**



## हामीले कोसँग कुरा गर्यौं?

हामीले **आदिबासी मानिसहरु, बहुसांस्कृतिक र बहुधार्मिक समुदायका ६७० भन्दा बढी भिक्टोरियाबासीहरू**बाट सुनेका छौं । यसमा समुदायका अगुवाहरू, विशेषज्ञहरू र फ्रन्टलाइन कार्यकर्ताहरू समावेश थिए ।

## भिक्टोरियामा जातिवादको रिपोर्टिङ



कसैले पनि जातिवाद सहनु पर्दैन ।यदि तपाईं भिक्टोरियामा जातिवाद वा भेदभावको अनुभव गर्नुहुन्छ वा देख्नुहुन्छ भने, तपाईंले यसलाई रिपोर्ट गर्न सक्नुहुन्छ ।

### भिक्टोरियाको समान अवसर र मानव अधिकार आयोग

सोमबार देखि शुक्रबार बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म १३०० २९२ १५३ मा फोन गर्नुहोस् । यदि तपाईंलाई नि:शुल्क दोभाषे चाहिन्छ भने, १३०० १५२ ४९४ मा फोन गर्नुहोस् ।

**Enquiries@veohrc.vic.gov.au** मा इमेल गर्नुहोस्

**अनलाइनमार्फत अनौपचारिक रिपोर्ट गर्नुहोस्** <https://www.humanrights.vic.gov.au/get-help/community-reporting-tool/>

**राष्ट्रिय रिले सेवालाईसम्पर्क गर्नुहोस्** <https://www.humanrights.vic.gov.au/get-help/contact-us/>

### भिक्टोरिया प्रहरी

आपतकालिन अवस्थाको लागि, चालू अपराध रिपोर्ट गर्न, वा तत्काल प्रहरी उपस्थितिको लागि, तीन शून्य (000) मा फोन गर्नुहोस् ।

गैर-आपतकालिनका लागि, पुलिस सहायता लाइनमा १३१ ४४४ मा फोन गर्नुहोस् वा नि:शुल्क दोभाषेको लागि १३१ ४५० मा फोन गर्नुहोस् ।

तपाईं आफ्नो स्थानीय प्रहरी स्टेशनमा वा **अनलाइनमार्फत** रिपोर्ट गर्न सक्नुहुन्छ <https://www.police.vic.gov.au/police-assistance-line-and-online-reporting> ।

तपाईं अज्ञात रुपमा Crime Stoppers लाई १८०० ३३३ ००० वा <www.crimestoppers.com.au> मा रिपोर्ट गर्न सक्नुहुन्छ ।

**थप सहायता र रिपोर्टिङ विकल्पहरूको** लागि, कृपया **भिक्टोरियाको जातिवाद विरोधी रणनीति** वेबसाइटमा जानुहोस् <https://vic.gov.au/victorias-anti-racism-strategy>

## थप जानकारी

तपाईं पूर्ण रणनीति वा यो सारांश धेरै भाषाहरूमा **अनलाइन** अनुवाद गरिएको पढ्न सक्नुहुन्छ <https://vic.gov.au/victorias-anti-racism-strategy> ।
तपाईं अनुवाद र दोभाषे सेवा (TIS) १३१ ४५० मा पनि फोन गर्न सक्नुहुन्छ र थप जानकारीको लागि प्रिमियर र क्याबिनेट विभागलाई ०३ ९६५१ ५१११ मा फोन गर्न सक्नुहुन्छ, वा **प्रिमियर र क्याबिनेट विभागलाई** इमेल गर्न सक्नुहुन्छ ।
< antiracism.strategy@dpc.vic.gov.au >

भिक्टोरियन सरकारद्वारा अधिकृत र प्रकाशित गरिएको, 1 Treasury Place, Melbourne
© भिक्टोरिया राज्य, अष्ट्रेलिया, प्रिमियर र क्याबिनेट विभाग, नोभेम्बर २०२४
ISBN 978-1-923294-19-6 नम्बर (अनलाइन/पीडीएफ/वर्ड) वा (प्रिन्ट)
**भिक्टोरियाको जातिवाद विरोधी रणनीति २०२४-२०२९** <https://vic.gov.au/victorias-anti-racism-strategy> मा उपलब्ध छ
मुद्रण: [insert printing company name, suburb]